त्रिभुवन विश्वविद्यालय
चिकित्सा शास्त्र अध्ययन संस्थान
डीनको कार्यालय, महाराजगंज
पो.ब.नं.: १५२४, काठमाडौं, नेपाल ।
फोन नं. ४४१०९११, ४४१२०४०, ४४१३७२९, ४४१८१८७

Tribhuvan University
Institute of Medicine
**Office of the Dean**
Maharajgunj, P.O. Box: 1524
Kathmandu, Nepal
Ph.# 4410911, 4412040, 4413729, 4418187

पत्र संख्या / Ref.:- शै.अ. फा.नं. (२४६) च. नं. ११९६ मिति / Date:- २०७८।११।२३

श्री अनुसन्धान विभाग,
चि.शा.अ.सं., महाराजगञ्ज ।

द.नं. ११०/०७८-०७९
२०७८।११।२५

**विषय : निर्णय पठाइएको बारे।**

उपरोक्त सम्बन्धमा यस अध्ययन संस्थानको मिति २०७८।११।१२ मा बसेको विद्यापरिषद् स्थायी समितिको बैठकको निर्णय नं. ७ त्यस विभागसँग सम्बन्धित भएकोले आवश्यक कार्यार्थ पठाइएको व्यहोरा अनुरोध छ ।

**प्रस्ताव : चि.शा.अ.सं.अनुसन्धान विभाग (IOM Research Department) को व्यवस्थापन कार्यविधि २०७८ स्वीकृत गर्ने बारे ।**

**निर्णय :**

चिकित्साशास्त्र अध्ययन संस्थान अन्तर्गतको अनुसन्धान विभाग सञ्चालनका लागि निम्न बमोजिमको "चि.शा.अ.सं. अनुसन्धान विभागको व्यवस्थापन कार्यविधि २०७८" स्वीकृत गर्ने निर्णय गरियो ।

# चि.शा.अ.सं. अनुसन्धान विभागको व्यवस्थापन कार्यविधि २०७८

## परिच्छेद १
## प्रस्तावना

यस कार्यविधिको उद्देश्य त्रि.वि. चिकित्साशात्र अध्ययन संस्थान अर्न्तगतको अनुसन्धान विभागको कार्य तोक्नु हुनेछ ।

चिकित्साशास्त्र अध्ययन संस्थानको उद्देश्य अनुरुप यस अध्ययन संस्थान अन्तर्गतका निकायहरुमा अनुसन्धान कार्यलाई विकास गर्ने, साथै यहाँका शिक्षक तथा विद्यार्थीहरुलाई अनुसन्धान लगायतका कार्यहरुमा सहजीकरण गरी प्रोत्साहित गर्ने यस विभागको मूल उद्देश्य रहेको छ ।

## परिच्छेद २
## काम, कर्तव्य र अधिकार

यस विभागको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

२.१ यस अध्ययन संस्थान अन्तर्गतका शिक्षक तथा विद्यार्थीहरुलाई नियमित रुपमा अनुसन्धान विधि, वैज्ञानिक लेखाइ (Scientific Writing) तथा अनुसन्धानसँग सम्बन्धित अन्य तालिम तथा अनुसन्धान प्रस्तावहरु सञ्चालन गर्ने ।

२.२ यस अध्ययन संस्थानको आवश्यकता अनुसार विभिन्न तहका अनुसन्धान सम्बन्धी प्रशिक्षण तथा गोष्ठीहरु सञ्चालन गर्ने ।

२.३ यस अध्ययन संस्थान अन्तर्गतका शिक्षण संस्थाहरुको अनुसन्धान सम्बन्धी विधिको स्तरोन्नति गर्न भूमिका खेल्ने ।

त्रिभुवन विश्वविद्यालय
चिकित्सा शास्त्र अध्ययन संस्थान
डीनको कार्यालय, महाराजगंज
पो.ब.नं.: १५२४, काठमाडौं, नेपाल ।
फोन नं. ४४१०९११, ४४१२०४०, ४४१३७२९, ४४१८१८७

चिकित्सा शास्त्र अध्ययन संस्थान
Institute of Medicine
२०२९/1972

Tribhuvan University
Institute of Medicine
Office of the Dean
Maharajgunj, P.O. Box: 1524
Kathmandu, Nepal
Ph.# 4410911, 4412040, 4413729, 4418187

पत्र संख्या / Ref.:-

मिति / Date:-

२.४ स्वास्थ्य अनुसन्धानका विज्ञहरु सम्मिलित अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने ।

२.५ अध्ययन संस्थानमा Research Methods, Ethics and Journal Editing तथा Publication सम्बन्धी कार्यमा सहयोग गर्ने ।

२.६ अनुसन्धान सम्बन्धी तालिमहरुको Course तयार गरी प्रयोगमा ल्याउने ।

२.७ यस अध्ययन संस्थान अन्तर्गत सञ्चालन गरिने विभिन्न अनुसन्धान परियोजनाको प्रस्तावहरुका बारेमा आवश्यकता अनुसार परामर्श प्रदान गर्ने ।

२.८ विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय Agency हरुबाट यस अनुसन्धान विभागको स्तरोन्नतिको लागि पहल गर्ने ।

२.९ यस अध्ययन संस्थान अन्तर्गत Research Policy, Research Strategy and Research Protocol निर्माण गर्नका निमित्त आवश्यक सहयोग गर्ने ।

२.१० यस अध्ययन संस्थान अन्तर्गत सञ्चालित विभिन्न अनुसन्धान सम्वन्धी (Department स्तरीय, क्याम्पस स्तरीय जस्तै Research Management Cell र अन्य यस्तै प्रकृतिका) समितिहरुसँग समन्वय गर्ने ।

२.११ यस अध्ययन संस्थानको Journal को स्तर उन्नतिको लागि Editorial Board लाई Academic र Logistic Support गर्ने ।

२.१२ यस अध्ययन संस्थान अन्तर्गत रहेका क्याम्पस/कलेजहरुमा भएका अनुसन्धान तथा शोधपत्रहरुको Archive राख्ने ।

## परिच्छेद ३

## प्रमुख

१. चिकित्साशास्त्र अध्ययन संस्थानको अनुसन्धानसँग सम्बन्धित कार्यहरु सञ्चालन गर्न अनुसन्धान विभागमा एक प्रमुख रहनेछ.।

२. अनुसन्धान विभागको प्रमुख डीनबाट नियुक्ति गरिनेछ ।

३. प्रमुखको पदावधि २ (दुई) वर्षको हुनेछ ।

४. प्रमुखको काम, कर्तव्य र अधिकार यस विभागको कार्य क्षेत्र अन्तर्गत तोकिएका कार्यहरुलाई कार्यान्वयन गर्ने हुनेछ ।

.............................

सहायक डीन (शैक्षिक)